# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, पुष २४ गते, २०८२ साल (संख्या १३

## भाग ३

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२**

**प्रस्तावनाः** आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा २ मा संशोधनः** आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा २ को खण्ड (ञ) को सट्टामा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्छ।"

३. **मूल कार्यविधिको दफा ७ मा संशोधनः** मूल कार्यविधिको दफा ७ को सट्टामा देहायको दफा ७ राखिएको छः-

"७. **लागत साझेदारीः** स्थानीय तहको आवधिक योजना तर्जुमा गर्नका लागि छनौट तथा स्वीकृत भएको प्रस्तावलाई प्रदेश सरकारले गर्ने साझेदारी स्वरूप आयोगले सशर्त अनुदानको रूपमा पचास प्रतिशत वा पाँच लाखका दरले जुन कम हुन्छ सो रकम उपलब्ध गराउनेछ।"

४. **मूल कार्यविधिको दफा ८ मा संशोधनः** मूल कार्यविधिको दफा ८ को,-

(१) उपदफा १ को खण्ड (घ) मा रहेको "आर्थिक मामिला मन्त्रालय" भन्ने वाक्यांशको सट्टामा "आर्थिक मामिला हेर्ने मन्त्रालय" भन्ने वाक्यांश राखिएको छ।

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।"

५. **मूल कार्यविधिको दफा ९ मा संशोधनः** मूल कार्यविधिको दफा ९ को,-

(१) उपदफा १ को खण्ड (ख) मा रहेको "आर्थिक मामिला मन्त्रालय" भन्ने वाक्यांशको सट्टामा "आर्थिक मामिला हेर्ने मन्त्रालय" भन्ने वाक्यांश राखिएको छ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।"

६. **<u>मूल कार्यविधिको दफा १० मा संशोधनः</u>** मूल कार्यविधिको दफा १० को खण्ड (क) को सट्टामा देहायको खण्ड (क) राखिएको छ;-

"(क) "प्रस्तावको सम्बन्धमा कुनै अस्पष्टता भएमा प्रस्तावक स्थानीय तहसँग जानकारी लिने ।"

७. **<u>मूल कार्यविधिको दफा ११ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ११ को,-

(१) खण्ड (क) को सट्टामा देहायको खण्ड (क) राखिएको छः-

"(क) आवधिक योजना नभएको वा चालू आर्थिक वर्षमा आवधिक योजनाको अवधि समाप्त भई नयाँ आवधिक योजना तर्जुमा गर्नुपर्ने।"

(२) खण्ड (ग) झिकिएको छ।

८. **<u>मूल कार्यविधिको दफा १२ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १२ को सट्टामा देहायको दफा १२ राखिएको छः-

"१२. **<u>प्रस्ताव आव्हान गर्नेः</u>** लागत साझेदारीमा आवधिक योजना निर्माण गर्न दफा ११ बमोजिम योग्य स्थानीय तहलाई पन्ध्र दिनको समय दिई अनुसूची -२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्न आयोगले आफ्नो वेवसाइटमा अनुसूची-३ बमोजिम सूचना प्रकाशन गरी स्थानीय तहलाई जानकारी गराउनेछ।

९. **<u>मूल कार्यविधिको दफा १३ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १३ को उपदफा (२) झिकिएको छ।

१०. **मूल कार्यविधिको दफा १४ मा संशोधनः** मूल कार्यविधिको दफा १४ को,-

(१) उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छः-

"(२) निर्देशक समितिले मूल्याङ्कनमा प्राप्त अङ्कको आधारमा योग्यताक्रम निर्धारण गरी प्रस्ताव स्वीकृत गर्नेछ।"

(२) उपदफा (४) को सट्टामा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (३) बमोजिम प्रस्ताव स्वीकृत भएको सात दिनभित्र आयोगले सम्बन्धित प्रस्तावकलाई लिखित जानकारी गराउने छ।"

(३) उपदफा (५) झिकिएको छ।

११. **मूल कार्यविधिको दफा १६ मा संशोधनः** मूल कार्यविधिको दफा १६ झिकिएको छ।

१२. **मूल कार्यविधिको अनुसूची-२ मा संशोधनः** मूल कार्यविधिको अनुसूची-२ क्रम सङ्ख्या (क) को उपक्रम सङ्ख्या (३) को सट्टामा देहायको उपक्रम सङ्ख्या (३) राखिएको छः-

"(३) पछिल्लो जनगणना अनुसारको जनसङ्ख्या।"

१३. **मूल कार्यविधिको अनुसूची-४ मा संशोधनः** मूल कार्यविधिको अनुसूची-४ को,-

(१) क्रम सङ्ख्या (१) को सट्टामा देहायको क्रम सङ्ख्या (१) राखिएको छः-

| क्र.सं. | मूल्याङ्कन का क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| (१) | आवधिक योजना निर्माण | २० | हालसम्म आवधिक योजना निर्माण नभएको हकमा | २० | |
| | | | गत आर्थिक बर्षमा आवधिक योजनाको अवधि समाप्त भई नयाँ आवधिक योजना निर्माण गर्नुपर्नेमा सो नभएको हकमा | १५ | |

| क्र.सं. | मूल्याङ्कन का क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | चालू आर्थिक बर्षमा आवधिक योजनाको अवधि समाप्त भइ नयाँ आवधिक योजना निर्माण गर्नुपर्नेमा | १० | |

(२) अनुसूचीको अन्त्यमा रहेको नोट खण्ड झिकिएको छ ।

१४. **<u>मूल कार्यविधिको अनुसूची-५ मा संशोधनः</u>** मूल कार्यविधिको अनुसूची-५ झिकिएको छ।

आज्ञाले,

ऋषिराज आचार्य

प्रदेश सरकारको सचिव ।